निर्णय प्रमाणित
२०८१/१०/४

# मिति २०८१ साल माघ ४ गते शुक्रवार बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो बैठकले गरेका सवै निर्णयहरु कार्यन्वयनक्रममा रहेको पाईयो । |
| २ | आ.व. २०८१/८२ को अर्धबार्षिक समिक्षा सम्वन्धमा । | लेटाङ नगरपालिकाको आ.व. २०८१/८२ को २०८१ पौष मसान्तसम्मको आय ब्यय तथा विषयगत शाखाहरुको भौतिक तथा वित्तीय प्रगतिका सम्वन्धमा अर्धबार्षिक समिक्षा गरियो । अर्धबार्षिक अवधिमा भौतिक र वितिय प्रगतिको अवस्था सन्तोषजनक रहेको पाईयो । पूँजिगत खर्चमा सुधार ल्याउन तथा नगरसभाले तय गरेका सवै कार्यक्रम समयमा नै सम्पन्न गर्न सवै पक्षले सहयोग र समन्वय गर्ने । |
| ३ | नगर प्रहरीको लागि आवश्यक आके टोकेको लागि सम्वन्धित निकायमा अनुमति माग सम्वन्धमा । | लेटाङ नगरपालिकामा नगर प्रहरीको कार्यलाई सहज सरल र प्रभावकारी बनाउन आवश्यक सञ्चार साधन २ थान (ओके टोके) संचालन अनुमती तथा ब्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय, मोरङ मार्फत गृह मन्त्रालयलाई अनुरोध गर्ने । |
| ४ | राजिनामा स्विकृती सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं. २ मा जन निर्वाचित वडासदस्य श्री रन्जित बहादुर मगरले आफ्नो ब्यक्तिगत कारणवाट वडासदस्यको पदवाट दिनुभएको राजिनामा उपर छलफल गर्दा निजले ऐच्छिकरुपले आफ्नो पारिवारिक कारणवाट राजिनामा दिनुभएको देखिएको हुदा निजको राजिनामा स्विकृत गरी सम्वन्धित निकायमा जानकारी गराउने । |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावको सम्वन्धमा। | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१/०९/२२ को ३१ बुदे सुझावको विषयवस्तुमा छलफल गर्दै सुझाव कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो । सेवा प्रवाहलाई सरल, सहज, प्रविधिमैत्री बनाउदै लैजाने तथा विकास ब्यवस्थापनलाई समयतालिका भित्रनै तोकिएको गुणस्तर कायम गरी सम्पन्न गर्न सवै सरोकारवालाहरुले आवश्यक समन्वय र सहयोग गर्न अनुरोध गर्ने । |
| ६ | अदालती कार्य गर्नका लागि सम्पर्क ब्यक्ति तोक्ने सम्वन्धमा । | न्यायिक/प्रशासनिक कार्यको विभिन्न निकायमा परेका मुद्दा मालिलाका सम्वन्धमा नगरपालिकाले विशेष निर्णय नगरेको अवस्थामा सो विषयसंग सम्वन्धित शाखा प्रमुखलाई सम्पर्क ब्यक्तिका रुपमा खटाउने । |
| ७ | पर्यटन प्रवर्धन कार्यक्रम सम्वन्धमा । | लेटाङ नगरपालिकाको नगरसभावाट स्वीकृत पर्यटन प्रवर्धन कार्यक्रम अन्तरगत पर्यटकीय स्थलको पूर्वाधार निर्माणका लागि आवश्यक ड्रईङ डिजाईनका लागि आर्किटेक्ट र स्ट्रक्चरल ईन्जिनियरिङ विशेषज्ञता आवश्यक पर्ने भएकोले र नगरपालिकामा सो प्रकृतिको बिज्ञता भएको जनशक्ति नभएको हुदा परामर्श सेवा मार्फत सेवा खरिद गरी कार्य अगाडी बढाउने । (स्रोत:- सेवा परामर्श शिर्षकवाट) |
| ८ | क्षमता विकास कार्यक्रम संचालन सम्वन्धमा । | लेटाङ नगरपालिकाको समन्वय र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको साझेदारीमा लेटाङ नगरपालिका कार्यपालिका सदस्य एबम् सरोकारवालाहरुलाई आर्थिक विकास सम्वन्धी ४ दिवसिय क्षमता विकास तालिम मिति २०८१/१०/१६, १७, १८ र १९ मा लेटाङ नगरपालिकामा संचालन गर्ने । |
| ९ | कार्यविधि संसोधन | माध्यमिक तह कक्षा १० उतिर्ण (SEE) परिक्षा का विद्यर्थीहरुका लागि |

| | | |
|---|---|---|
| | सम्वन्धमा । | कोचिङ कक्षा सञ्चालन खर्च मापदण्ड, २०७६ को बुदा नं ३ को ४ मा यस प्रकारको कक्षा माघ मसान्त भित्र सम्पन्न हुनेगरी सञ्चालन हुनेछ भन्ने बाक्यांशलाई संसोधन गरी प्रत्येक शैक्षिक सत्रको SEE परिक्षा शुरुहुनु भन्दा ७ दिन अगावै सम्पन्न हुने गरी सञ्चालन हुनेछ भन्ने बाक्यांश राख्ने । |
| १० | सामुदायिक सर्पदंश उपचार केन्द्रको सेवा उद्घाटन मिति सम्वन्धमा । | सामुदायिक सर्पदैश उपचार केन्द्रको स्वीकृती लगायतका प्रशासनिक कार्य पुरा भएको हुनाले मिति २०८१/१०/१३ गते उद्घाटन गर्ने । |
| ११ | घ वर्गको ईजाजत सम्वन्धमा । | हलेसी बिल्डर्स एण्ड सप्लायर्स कम्पनी प्रा.लि. नामक फर्मले घ वर्गको ईजाजत अनुमतिका लागि घ वर्गको निर्माण ब्यवसायीको योग्यता जाँचबुझ समितिको मिति २०८१/१०/०३ गतेको सिफारिसपत्र बमोजिम घ वर्गको ईजाजत प्रदान गर्न सहमती प्रदान गर्ने । |
| १२ | तह .बृध्दि सिफारिस समिति सम्वन्धमा । | स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० को दफा २७ को ४ बमोजिम तह बृध्दिका लागि यस अघि नगर कार्यापालिको निर्णय बमोजिम गठित समितिमा रहनुहुने अधिकृतस्तर दशौं श्री कृष्णराज राई सेवाकालिन तालिममा रहनुभएकोले एकपटकको लागि देहाय बमोजिमको समिति गठन गर्ने र मिति २०८१/०९/२९ गतेसम्म तह बृध्दिका लागि प्राप्त आवेदनहरुमध्ये योग्यता पुरा भएका कर्मचारीको तह बृध्दिका लागि आगामी कार्यपालिका बैठकमा सिफारिस गर्ने ।<br>तपसिल<br>अध्यक्ष - प्रमुख प्रशासकीय अधिकृत श्री नारायण न्यौपाने<br>सदस्य - अधिकृतस्तर सातौं श्री संजिता खनाल<br>सदस्य - अधिकृतस्तर सातौं श्री ईन्द्र अर्याल |
| १३ | सर्वजनिक जग्गाको विवरण सार्वजनिक गर्ने सम्वन्धमा । | नापी कार्यालय बेलबारीको च.नं. ७६२ मिति २०८१/०८/२८ गतेको पत्रानुसार लेटाङ नगरपालिकाक्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको तथ्यांक प्राप्त भयो र उक्त तथ्यांकित विवरण यथासिघ्र प्रकाशन गर्ने । |
| १४ | प्रोत्साहन सुविधा सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं. २ का वडा सचिव श्री सुदिप पौडेललाई वडा नं ३ को वडा सचिवको समेत थप जिम्मेवारी प्रदान गरिएको हुदा निजले दोहोरो वडाको जिम्मेवारी रहदासम्मको लागि (न्युनतम १५ दिन भन्दा वढी अवधि दोहोरो जिम्मेवारीमा रहेमा ) मासिक रु ५०००।- का दरले प्रोत्साहन खर्च उपलब्ध गराउने । |
| १५ | विपद भवन सम्वन्धमा । | लेटाङ नगरपालिका र प्लान नेपालको साझेदारीमा लेटाङ नगरपालिका वडा नं ३ किर्तिमानमा बनेको विपद भवनको अवस्था सहित संचालन ब्यवस्थानका लागि गर्नपर्ने विषय समेत समेटी प्रतिवेदन पेश गर्न ३ नं वडा कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने । |
| १६ | खर्चको मापदण्ड तयार गर्ने । | लेटाङ नगरपालिका मार्फत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा हुने खर्चमा एकरुपता कायम गर्न लेटाङ नगरपालिकाको खर्चको मापदण्डको मस्यौदा निर्माण गरी पेश गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने । |
| १७ | प्रधामन्त्री रोजगार कार्यक्रमसंग साझेदारी सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं ५ को च.नं. ८१० मिति २०८१/१०/०३ को पत्रानुसार तपसिल बमोजिमका योजनाहरु प्रधानमन्त्रि रोजगार कार्यक्रमसंग साझेदारी गरी योजना सञ्चालन गर्न सहमती प्रदान गर्ने । |

| | | |
|---|---|---|
| | | ६. नमूना मार्ग ड्रेन निर्माण<br>७. जम्मरी मार्ग ड्रेन निर्माण<br>८. शान्तीमार्ग ख एजिङ निर्माण<br>९. बिमिरे ईनार जलाधार संरक्षण पर्यटन प्रवर्धन<br>१०. जोरकुप ईनारक्षेत्रलाई पर्यटकिय स्थलको रुपमा स्तरोन्नती |
| १८ | प्रधामन्त्री रोजगार कार्यक्रमसंग साझेदारी सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं ७ को च.नं. ३७० मिति २०८१/१०/०३ को पत्रानुसार तपसिल बमोजिमका योजनाहरु प्रधानमन्त्रि रोजगार कार्यक्रमसंग साझेदारी गरी योजना सञ्चालन गर्न सहमती प्रदान गर्ने ।<br>२. प्वालटार अतिथि भवन निर्माण |
| १९ | उपचार खर्च भुक्तानी सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं ४ को च.नं. ३०३ मिति २०८०/१०/०४ गतेको पत्रानुसार वडाको विनियोजित विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम शिर्षकबाट भुक्तान हुनेगरी तपसिल बमोजिमका विपन्न नागरिकहरुलाई उपचार खर्च सहयोग गर्न सहमती प्रदान गर्ने ।<br>३. चन्द्र बहादुर दमाई लेटाङ ४<br>४. टेक बहादुर हिङमाङ लेटाङ ४ |
| २० | राजिमाना स्विकृत सम्वन्धमा । | लेटाङ नगरपालिकामा नगर प्रहरी हवल्दारका रुपमा कार्यरत सन्त बहादुर तामाङले आफ्नो घरायसी कारणबाट राजिनामा दिनुभएको हुदा निजको राजिनामा स्विकृत गरी सो पदको बैकल्पिक उमेदवारलाई नियमानुसार नियुक्त गर्न सहमती प्रदान गर्ने । |